# अर्जुनचौपारी गाउँपालिकाको विपन्न नागरिक स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१

## अर्जुनचौपारी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## अर्जुनचौपारी, स्याङ्गजा

# अर्जुनचौपारी गाउँपालिकाको विपन्न नागरिक स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/२९**

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ धारा ३५ ले स्वास्थ्यलाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। नेपाल सरकारले वि. सं. २०७१ साल देखी सर्वसाधारणको योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। २०७२ सालमा नेपाल संघिय लोकत्रान्त्रीक, गणतन्त्रात्मक मुलुकमा रूपान्तरण भएसँगै संघिय संरचना अनुसार हाल संघ, प्रदेश र स्थानीय तहको सरकारबाट राज्य सञ्चालन भइराखेको छ । सो सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा रहेका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सरल, सहज पहुँच सुनिश्चित गर्नु स्थानीय सरकारको जिम्मेवारी हो। यस अर्जुनचौपारी गाउँपालिकाले विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम अर्जुनचौपारी गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

**१. सक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "अर्जुनचौपारी गाउँपालिका विपन्न नागरिक स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. **"गाउँपालिका"** भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख. **"अध्यक्ष"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग. **"उपाध्यक्ष"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

घ. **" प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ. **"वडा अध्यक्ष"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाका वडा अध्यक्षहरुलाई सम्झनुपर्दछ।

च. **"गाउँ कार्यपालिका"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ।

छ. **"विपन्न नागरिक"** भन्नाले अर्जुनचौपारी गाउँपालिकामा स्थायी ठेगाना भएको, र विपन्न नागरिक परिचय पत्र प्राप्त घर परिवारलाई सम्झनु पर्दछ।

ज. **"लाभग्राही"** भन्नाले अर्जुनचौपारी गाउँपालिकामा स्थायी बसोबास गरेका विपन्न घर परिवारलाई सम्झनु पर्दछ।

झ. **"स्वास्थ्य शाखा"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ।

ञ. **"स्वास्थ्य संस्था प्रमुख"** भन्नाले अर्जुनचौपारी गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूका प्रमुखहरुलाई सम्झनु पर्दछ।

ट. **"दर्ता सहयोगी"** भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम नियुक्त भएको कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद - २

## योगदान रकम र लाभग्राही योग्यता

### ३.स्वास्थ्य बीमा योगदान रकम र सुविधाः-

स्वास्थ्य बीमा योगदान रकम र परिवार सङ्ख्या अति विपन्न नागरिक देहाय बमोजिमको सङ्ख्यामा परिवार सदस्यले देहाय बमोजिमको बीमा बापतको रकम योगदान स्वरुप उपलब्ध गराइनेछ।

क. यस कार्यविधि अनुसार बीमा बापतको रकम प्रति परिवार ५ जनाको सङ्ख्यालाई १ परिवार मानिनेछ।

ख. उपदफा (१) बमोजिम एउटा परिवारमा ५ जना भन्दा बढी सदस्य भएमा बढी सदस्यको बीमा बापत रकम सम्बन्धित परिवारले बेहोर्नु पर्नेछ।

ग. यस कार्यविधि अनुसार प्रति परिवार ५ जना सम्मको बीमा बापत लाग्ने रु ३५००/- नियमानुसार पालिकाले उपलब्ध गराउनेछ।

### ४.लाभग्राहीको योग्यताः-

विपन्न नागरिक स्वास्थ्य बीमा लाभग्राही हुनुका लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ।

क. नेपाली नागरिक हुनुपर्ने।

ख. गाउँपालिकाभित्र स्थायी बसोवास गरेको हुनुपर्ने।

ग. गरिब परिवार परिचय पत्र प्राप्त गरेको वा सम्बन्धित वडाबाट अति विपन्न घर परिवार भनी सिफारिस गरेको हुनुपर्ने।

## परिच्छेद-३

## लाभग्राही छनौट प्रक्रिया

**५. विपन्न नागरिक स्वास्थ्य बीमा लाभग्राही छनौट प्रक्रियाः-**

स्वास्थ्य बीमामा विपन्न नागरिकलाई आवद्ध गराउन देहायका प्रक्रियाहरु गरिनेछ।

क. गाउँपालिकाले १५ दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्नेछ।

ख. उपदफा (१) बमोजिम सूचना प्रकाशित भए पश्चात सम्बन्धित लाभग्राहीले दफा (४) बमोजिमका कागजात संलग्न गरी सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

ग.उपदफा (२) बमोजिमको अनुसूची-१ बमोजिमको निवेदन सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराइनेछ।

घ.उपदफा (२) बमोजिम आ-आफ्नो वडामा रीतपूर्वक पेश भएमा निवेदन उपर छानबिन गरी लाभग्राही हो वा होइन भनी वडा स्तरीय बीमा समितिबाट छानविन गरी निर्णय गर्नुपर्नेछ।

ङ.उपदफा (१),(२),(३) बमोजिमको रीतपुर्वकको प्रक्रिया पुरा भए पश्चात सम्बन्धित वडा कार्यालयले गाउँपालिकाको स्वास्थ्य शाखामा पठाउनु पर्नेछ।

**६. वडास्तरीय लाभग्राही छनौट तथा सिफारिस समितिको गठनः-**

वडा स्तरिय लाभग्राहीको सिफारिस गर्न देहाय अनुसारको समितिको गठन हुनेछ।

| | |
|---|---|
| क) सम्बन्धित वडाको अध्यक्ष | संयोजक |
| ख) सम्बन्धित वडाका सदस्यहरु | सदस्य |
| ग) वडा सचिव | सदस्य सचिव |

**७. वडा स्तरीय लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकारः-**

वडा स्तरीय लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

क. वडा भित्र सङ्कलन भएका बीमा आवेदनहरु रीतपूर्वक भए/नभएको जाँच गर्ने।

ख. गाउँपालिकाबाट प्रकाशित सूचना अनुसारको निवेदन सम्बन्धित लाभग्राहीलाई निःशुल्क उपलब्ध गराउने।

ग. सम्बन्धित वडामा निःशुल्क बीमाका लागि रीतपुर्वक पेश भएका आवेदनहरुको मिति, क्रम सङ्ख्या मिलाएर गाउँपालिकाको स्वास्थ्य शाखामा पठाउने।

घ. उपदफा (३) बमोजिम पेश भएका आवेदन पालिका स्तरीय बीमा समितिबाट निःशुल्क बीमा बापतको रकम पाउने भनी छनौट भएका लाभग्राहीको आ-आफ्नो वडा कार्यालयमा प्रकाशित गर्ने।

ङ. उपदफा (४) बमोजिमको नामावली प्रकाशित गरे पश्चात आ-आफ्नो वडाको दर्ता सहयोगी मार्फत बीमा प्रक्रिया अगाडी बढाउने।

च. वडा स्तरीय बीमा समितिले आफ्नो काम कर्तव्य र अधिकारको विषयमा कुनै दुविधा भएमा बीमा सम्बन्धी विज्ञ परामर्श दातासँग आवश्यक राय सल्लाह लिन सक्नेछ।

छ. दफा (४) बमोजिमका आधार नपुगेका अयोग्य आवेदकलाई कारण सहित फिर्ता गर्ने।

**८. गाउँपालिका स्तरीय विपन्न नागरिक स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको गठनः-**

गाउँपालिका स्तरिय विपन्न नागरिक स्वास्थ्य बीमा लाभग्राहीको सिफारिस गर्न देहाय बमोजिमको समिति गठन हुनेछ।

| | |
|---|---|
| क) अध्यक्ष | संयोजक |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) कार्यपालिकाको सदस्यहरु बाट अध्यक्षले तोकेको महिला सदस्य १ जना र १ जना महिला स्वास्थ्य स्वयंम सेविका | सदस्य |
| ङ) गाउँ सभा सदस्यहरुबाट अध्यक्षले तोकेको बढी जनसङ्ख्या भएको वडाका वडा अध्यक्ष सदस्य १ जना | सदस्य |
| च) जिल्ला स्थित स्वास्थ्य बीमा कार्यालयबाट सम्बन्धित पालिका हेर्ने दर्ता अधिकारी | सदस्य |
| छ) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

तर बीमा लाभग्राहीको सिफारिस प्रायोजनका लागी समितिले थप परामर्शको आवश्यकता महशुस गरेमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ।

**९. गाउँपालिका स्तरीय विपन्न नागरिक स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकारः-**

गाउँपालिका स्तरीय विपन्न नागरिक स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

क. स्वास्थ्य बीमा सम्बन्धी आवश्यक नीति नियम तर्जुमा गर्ने।

ख. स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा आएका समस्याको समाधान गर्ने।

ग. स्वास्थ्य बीमा कार्यक्रको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्ने।

घ. स्वास्थ्य बीमा कार्यक्रमको विस्तारका लागि संघिय तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्ने।

ङ. वडा स्तरीय समितिबाट सिफारीस भएर आएका लाभग्राहीहरु निःशुल्क बीमा पाउन योग्यता पुगेका हुन वा होइन एकिन गर्ने।

च. उपदफा (५) वमोजिम योग्यता पुगेका लाभग्राहीको नामावली प्रकाशित गर्ने।

छ. खण्ड (५) बमोजिम निःशुल्क बीमाका लागि योग्य भएका लाभग्राहीहरुको वडागत विवरण तयार गरी सम्बन्धित वडा कार्यालयमा पठाउने।

## परिच्छेद-४

## रकम भुक्तानी सम्बन्धी व्यवस्था तथा विविध

### १०. स्वास्थ्य बीमा रकम भुक्तानी सम्बन्धी व्यवस्थाः-

छनौट भएका लाभग्राहीको बीमा बापत पाउने रकमको भुक्तानी देहाय बमोजिम हुनेछ।

क. यस कार्यविधिको दफा (५) को प्रक्रिया र दफा (६) र (८) बमोजिमको समितिबाट छनौट भएका लाभग्राहीहरुको बीमा सम्बन्धित वडामा तोकिएका दर्ता सहयोगी कर्मचारी मार्फत बीमा गरिनेछ।

ख. उपदफा (१) बमोजिम वडा अन्तर्गत तोकिएका दर्ता सहयोगी कर्मचारीहरुले विपन्न नागरिक स्वास्थ्य बीमा गरीसके पश्चात बिमितको नाम र बिल भरपाई सहितको विवरण गाउँपालिकाको स्वास्थ्य शाखामा पठाउनुपर्नेछ।

ग. उपदफा (२) वमोजिम शाखामा प्राप्त नामावली र बिल भरपाई रितपुर्वक भए वा नभएको छानविन गरी गाउँपालिका स्तरिय स्वास्थ्य बीमा समितिमा पेश गर्नुपर्नेछ।

घ. उपदफा (३) बमोजिम स्वास्थ्य बीमा समितिमा पेश भएका विवरण एकिन गरी समितिले प्रमुख प्रशासकीय अधिकृतलाई बिमित रकम भुक्तानीका लागि विवरण सहित पठाउनु पर्नेछ।

ङ. (५) उपदफा (४) वमोजिमको विवरण प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले गाउँसभाबाट विनियोजित बजेटको सीमाभित्र रही जिल्लास्थित बीमा वोर्डको कार्यालयको खातामा रकम जम्मा गरीदिनुपर्नेछ।

च. उपदफा (५) बमोजिम रकम जम्मा गरीदिएपछि त्यसको जानकारी सम्बन्धित वडा कार्यालय र वडास्तरीय बीमा समितिलाई वडास्तरीय विवरण पठाउनुपर्नेछ।

### ११. विविधः

क. यो कार्यविधि लागू भएका विपन्न नागरीक स्वास्थ्य बीमा यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

ख. कुनै पनि विपन्न नागरिकको स्वास्थ्य बीमा के कति सङ्ख्या गर्ने भन्ने सम्बन्धमा गाउँ सभाले विनियोजन गरेको रकमको आधारमा सङ्ख्या एकिन गरिनेछ।

ग. यो कार्यविधि अनुसार कुनै नागरिकको बीमा छुट भएमा वा दोहोरो परेमा त्यसको छानविन गर्दा दायित्व सम्बन्धित वडाको वडा अध्यक्षको हुनेछ।

घ. वडामा खटिने दर्ता सहयोगीलाई स्वास्थ्य बीमा निमावली,२०७५ मा सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

ङ. यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा अवरोध परेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार हुनेछ।

च. यो कार्यविधिमा कुनै संशोधन, थपघट, परिमार्जन वा खारेजी गर्ने अधिकार अर्जुनचौपारी गाउँकार्यपालिकाको बैठकबाट निर्णय भए अनुसार गरिनेछ।

छ. विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमको पहिलो सेवा केन्द्रको रुपमा भीरकोट नगर अस्पताल हुनेछ।

**१२. लेखापरीक्षणः-**

क. स्वास्थ्य बीमा अनुदान रकम भुक्तानीका लागि स्थापना भएको कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची १**

**(कार्यविधिको दफा नं. ५ (ग) सँग सम्बन्धीत)**

**(बीमा लाभग्राही आवेदन फाराम)**

| आवेदकको फोटो |
|---|

श्रीमान वडा अध्यक्ष ज्यू,

अर्जुनचौपारी गाउँपालिका

वडा नं. .....

**विषयः स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धमा।**

अर्जुनचौपारी गाउँपालिकाको कार्यालयले संचालन गर्न लागेको स्वास्थ्य बीमा कार्यक्रम मार्फत बीमा लाभग्राही हुनका लागि आफुलाई योग्य ठानी यो आवेदन पेश गरेको छु। आवश्यक पर्ने कागजात यसै साथ संलग्न राखिएको छ।

मैले पेश गरेको सबै विवरण सहि सत्य छन, झुट्टा ठहरिन गएमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।

| **आवेदकको** | |
|---|---|
| नाम थर | |
| उमेर | |
| स्थायी ठेगाना | |
| टोल | |
| वडा नं. | |

| **बीमा सेवाग्राही सदस्यहरुको नामावली (बढीमा ५ जना)** | | | |
|---|---|---|---|
| सि.न. | बीमा सेवाग्राहीहरुको पुरा नाम थर | उमेर | आवेदकसँगको नाता |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि/जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

२) स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भएमा)

३) विपन्न नागरिक परिचय पत्रको प्रतिलिपि/विपन्न हो भनि प्रक्रिया पुर्याएर वडा कार्यालयले गरेको सिफारिस

निवेदक

......................